

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं ११ गते शनिबार ❑ 28 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा महानगर : सेवामा एकद्वार, गुनासो सुन्न 'हेलो मेयर' को सुरुआत

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौं**

तपाईं पोखरा महानगरपालिकामा सेवा लिन जाँदै हुनुहुन्छ ? महानगरमा काम छ भने अबदेखि तपाईंले विगतमा जस्तो हातमा फाइल बोकेर महानगरका कोठा/चोटा चहार्नुपर्ने छैन ।

पहिला जस्तो फाइल हराउने समस्या भोग्नुपर्ने पनि हुने छैन । त्यति मात्र होइन, आफ्नो कामको फाइल बुझाएपछि तपाईं आरामले कुर्सीमा बस्नुहुनेछ, महानगरका कर्मचारीले भित्रबाट काम सकिएपछि बसेकै ठाउँमा फिर्ता ल्याइदिनेछन् ।

महानगरप्रति केही गुनासा र समस्या छन् भने सिधै महानगरमा फोन गरेर जानकारी गराउन सक्नुहुनेछ । महानगरले तपाईंलाई 'क्विक रेस्पोन्स' गर्नेछ। भौगोलिकरूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले सेवा प्रवाहलाई सरल र सहज बनाउन आजदेखि एकद्वार प्रणाली काउन्टर स्थापना गरी सञ्चालनमा ल्याएको छ । महानगरको काम झन्झटरहित बनाउन र सेवा प्रवाह सहज, छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन एकद्वार काउन्टर सुरुआत गरिएको हो ।

सेवाग्राहीलाई महानगरमा फाइल लिएर शाखा र सम्बन्धित फाँटको प्रमुख खोज्दै हिँड्नुपर्ने बाध्यता अन्त्य गरेर महानगरले एकैथलोबाट सेवा दिन सुरु गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार महानगरको प्रवेशद्वार बन्द गरेर सेवाग्राहीले बाहिरबाट सबै काम सकेर जाने गरी सेवा प्रवाहको व्यवस्था गरिएको छ । महानगरले त्यसका लागि विसं २०१३ मा निर्माण गरिएको भवनलाई अहिले स्तरोन्नति गरेर एकद्वार सेवा सञ्चालनमा ल्याएको हो । सेवाग्राहीलाई बाहिर बस्नका लागि प्रतिक्षालय र कुर्सी राखिएको छ ।

महानगरले नगरवासीलाई दिने सेवा सरल र झन्झटरहित बनाउने योजनाअनुसार काम सुरु भएको प्रमुख आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, 'महानगरपालिकामा सजिलोसँग काम होस् भनेर एकद्वार सेवा सुरुआत गरेका छौं । वरिष्ठ अधिकृतले फाइल हेरेर कागजपत्र पुगे/नपुगेको हेर्नुहुन्छ, अपुग भएमा थप गरेर ल्याउन भन्छौं । फाइल दर्ता भएपछि कसकोमा गएको छ, त्यो रेकर्ड हुने व्यवस्था हुन्छ । अबदेखि महानगरमा फाइल हराउने भन्ने हुँदैन, कामको प्रक्रिया पूरा हुने वित्तिकै नाम बोलाएर कर्मचारीले बुझाउनुहुनेछ ।' महानगरलेसेवाग्राहीकाकागजपत्र सम्बन्धित फाँट र भित्र लैजानका लागि हाल पाँच जना कर्मचारी खटाएको छ । उनीहरुले सेवाग्राहीले फाइल बुझाएपछि प्रक्रिया पूरा गरेर काम सम्पन्न गरेर फिर्ता गर्नेछन् । प्रमुख आचार्यले महानगरका शाखा र वडामा पनि एकद्वार प्रणाली लागू गरेर काममा सहजता प्रदान गरिने बताउनुभयो । महानगरले 'हेलो मेयर' हटलाइन नम्बर पनि सञ्चालनमा ल्याएको छ । टोल फ्रि नम्बर ११८१ मा निःशुल्क सम्पर्क गरी सेवाग्राहीले आफ्ना गुनासा, चासो र सरोकारका विषय टिपाउन सक्ने र सम्बन्धित शाखा र महाशाखाबाट तत्कालै रेस्पोन्स गरिने महानगरका प्रवक्ता मोतिराज तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार हटलाइन नम्बर अहिले बिहान ९:३० बजेदेखि साँझ ५:०० बजेसम्म सञ्चालन हुनेछ । आवश्यकताअनुसार समय थप गर्न सकिने महानगरले जनाएको छ ।

## संघीयता संस्थागत गर्न महत्वपूर्ण काम भएका छन् : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, १० भदौं**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सङ्घीयता संस्थागत गर्न गण्डकी प्रदेश सरकारले महत्वपूर्ण काम गरेको बताउनुभएको छ ।

मुस्ताङका जनप्रतिनिधि, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा अन्य सङ्घ संस्थाका प्रमुखसँगको अन्तरक्रियामा उहाँले सङ्घीयतालाई संस्थागत बनाउन जगदेखि नै काम थालिएको र यसबीचमा पूर्वाधार मात्र नभएर सामाजिक क्षेत्रमा उल्लेखनीय काम भएको बताउनुभयो । काम गर्ने क्रममा भएका गल्ती कमजोरीलाई लिएर शासन व्यवस्था माथि नै प्रश्न उठाउने बेला नभएको उहाँले बताउनुभयो । सीमित साधनस्रोत र जनशक्तिकाबीच सडक, पुलसँगै उज्यालो प्रदेश कार्यक्रमदेखि 'एक घर, एक धारा' जस्ता नमूना काम गर्न सफल भइएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो । शासन व्यवस्थालाई सुदृढ पार्दै नागरिकका अपेक्षा पूरा गर्न आफूले बिना पूर्वाग्रह कार्य सम्पादन गर्दै आएको उहाँको भनाइ छ । गुनासो नआउने गरी कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिँदै मुख्यमन्त्री पोखरेलले कर्मचारीलाई सक्षम बनाउन प्रदेश प्रशिक्षण प्रतिष्ठानले काम गर्दै आएको बताउनुभयो । सङ्घ सरकारलाई कुरेर बस्दा ढिलाइ भएको भन्दै उहाँले प्रदेश निजामती कर्मचारी विधेयक र स्थानीय तह कर्मचारी विधेयक अध्यादेशबाट ल्याउन लागिएको जानकारी दिनुभयो ।

केन्द्रिकृत मानसिकता नै सङ्घीयता कार्यान्वयनको वाधक बनेको उहाँको भनाइ छ । कोरोला त्रिवेणी सडक प्रदेशकै लाइफ लाइन रहे पनि निर्माण व्यवसायीको लापरबाहीका कारण म्याग्दी र मुस्ताङ खण्डको काम अलपत्र परेकामा प्रदेश सरकारको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो ।

उत्तरतर्फको नाका सञ्चालनका लागि प्रदेशले सङ्घ सरकारलाई ध्यानाकर्षण गर्दै आइरहेको उहाँले बताउनुभयो । आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले प्रदेशले आफ्नो क्षमताअनुसार प्रहरीलाई स्रोतसाधन सम्पन्न गराउनका लागि प्रयत्नरत रहेको बताउनुभयो । विपद् व्यस्थापनका क्षेत्रमा प्रदेशले सक्दो काम गरेको बताउँदै उहाँले राहत तथा उद्धारका लागि जिल्ला प्रशासनसँग समन्वय भइरहेको बताउनुभयो ।

## टुडिखेलमा ऐतिहासिक जित मेला सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौं**



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा महानगरपालिका वडा नम्बर १ का ऐतिहासिक बस्तुहरुको संरक्षणमा सबै एक हुन पर्ने बताउनु भएको छ ।

इन्द्रेणि एकिकृत विकास समाजले शुक्रबार देखि पोखराको पुरानो टुडिखेलमा आयोजना गरेको ऐतिहासिक तिज मेलाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । ऐतिहासिक महत्व बोकेका बस्तुहरुको संरक्षणको निम्ति एकताको खाँचो भएको बताउदै मन्त्री बरालले ऐतिहासिक बस्तुहरुको व्यबस्थापन गर्न पोखरा १ बासीहरु लाग्नु पर्नेमा जोड दिनुभयो । पोखरा वडा नम्बर १ को राष्ट्रिय मावि, टुडिखेल मैदानदेखि महत्वपूर्ण सार्वजनिक जमिनहरुको संरक्षणको लागि पनि एकिकृत ढंगले अघि बढ्नुपर्ने मन्त्री बरालको भनाई थियो। एकले अर्कोलाई उपेक्षा हुदै अघि बढेमा पोखरा १ का ऐतिहासिक महत्वपूर्ण बस्तुहरुको संरक्षण गर्न कठिन हुने मन्त्री बरालले बताउनु भयो। पोखरा १ को वडा कार्यालय र समाजले पोखरा १ का ऐतिहासिक बस्तुहरुको संरक्षणमा लाग्नु पर्ने आवश्यक सहयोग गर्न आफु तयार रहेको उहाँले जनाउनु भयो।

तिज पर्वको हिजोको महत्व विस्तारै घट्दै विकृति तर्फ गएकोमा चिन्ता व्यक्त गर्दै मन्त्री बरालले यसमा समयमै सबै बर्गका सचेत हुनुपर्ने बताउनु भयो। उहाँले भन्नु भयो " एकातर्फ हेर्दा हरितालिका तिज सास्कृतिक पर्व हो भने अर्को तर्फ यो पर्व विकृतिको रुपमा भड्किलो हुन थालेको छ, यसमा हामी सचेत हुनुपर्छ। " तिज पर्व हिन्दुहरुको मात्र नभई नेपाली नारीहरुको पर्वको रुपमा स्थापित हुदै आएको उहाँको भनाई थियो। गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले हरितालिका तिज पर्वमा आयोजना हुने यस्ता मेला महोत्सवले नेपाली उत्पादन र नेपालीपन झल्कनी बिषय बस्तुहरुको प्रबर्द्धन गर्नुपर्ने बताउनु भयो। समाजका अध्यक्ष भानु अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा पोखरा १ का वडा सदस्य शोभा गुरुङ, राष्ट्रिय माविका प्राचार्य कृष्ण उदासी, मेलाकी आमा समुह समन्वय समितिका संयोजक राधादेवि पराजुली, संस्थापक अध्यक्ष राजेन्द्ररमण पराजुली, उपाध्यक्ष निरजविक्रम राण, महासचिब बसन्त बाँस्तोला लगायतले वोलेका थिए । यही भदौं १६ गतेसम्म चल्ने मेलामा विभिन्न व्यापारीक स्टल, मौलिक तिज गित प्रतियोगिता, लोक नृत्य प्रतियोगिता, खुल्ला तिज गृहिणी नृत्य प्रतियोगिता, छेलो प्रतियोगिता लगायतका कार्यक्रमहरु हुने भएको प्रचार संयोजक रोहितराज पराजुलीले बताउनु भयो । उद्घाटन सत्रको पूर्व सन्ध्यामा पोखरामा झाँकी सहितको प्रभात फेरी निकालिएको थियो । उक्त प्रभातफेरीमा ज्ञानुबाबा मावि झाँकी तर्फ उत्कृष्ट घोषित भएको छ भने भेषभुषमा क्षेत्रि समाज महिला इकाई पोखरा एक उत्कृष्ट र अनुशासितमा नेवाः मिस पुचः पोखरा १ घोषित भएको समाजले जनाएको छ । मेलामा भोलि(शनिबार) कृष्ण अकेली, अम्मर धिताल, सुनिता नेपाली, निसा पोखरेल लगायतका कलाकारको प्रस्तुती रहने कलाकार कृष्ण गौतमले जनाए ।

## कास्कीमा एउटा मतदानस्थल थपिँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौं**

कास्कीमा आसन्न मङ्सिर ४ गतेको निर्वाचनमा एक मतदानस्थल थपिने भएको छ ।

जिल्लामा हाल एक सय ५० मतदानस्थल रहेकामा भौगोलिक अवस्था, बाटोको दूरीलगायतका आधारमा मतदानस्थल थप्न सकिने व्यवस्थाअनुरुप जिल्लामा एक मतदानस्थल थप्न सिफारिस भएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो ।

जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक रहनुभएको समितिले मतदानस्थल थप्नका लागि निर्वाचन आयोगमा सिफारिस गर्ने कानुनी व्यवस्था छ । सामान्यतः पहाडी क्षेत्रमा मतदानस्थल पुग्नका लागि एकतर्फी चार किलोमिटरभन्दा बढी दुरी हुन नहुने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो । जिल्लामा हाल तीन सय ३६ मतदान केन्द्र रहेका छन् । एउटा मतदान केन्द्रमा एक हजार ५० सम्म मतदाता रहने व्यवस्था छ ।

जिल्लामा नयाँ मतदाता करिब १० हजार थपिने देखिएको बताउँदै न्यौपानेले त्यसलाई अद्यावधिक गर्ने काम भइरहेको जानकारी दिनुभयो । यसअघिको स्थानीय निर्वाचनमा कास्कीमा कूल मतदाता सङ्ख्या दुई लाख ८१ हजार नौ सय ४० रहेको थियो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## जिल्ला र प्रदेशसभा निर्वाचन क्षेत्रका लागि प्रतिनिधि खटाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौं**

'जनताको साथमा कांग्रेस' अभियानलाई लक्षित गरी नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिले प्रदेशभित्रका ११ वटै जिल्ला र प्रदेशसभा निर्वाचन क्षेत्रका लागि प्रतिनिधि खटाएको छ ।

गण्डकी प्रदेश कार्यसमितिको बिहीबार सम्पन्न पदाधिकारी बैठकले प्रदेशअन्तर्गतका जिल्लामा प्रदेश समितिका पदाधिकारी र ३६ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रतिनिधि खटाउने निर्णय गरेको नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बाँस्तोला 'मधु'ले जानकारी दिनुभयो । उहाँका अनुसार मनाङ र मुस्ताङका लागि प्रदेश सभापति शुक्रराज शर्मा, उपसभापतिद्वय कल्पना तिवारी र मेखलाल श्रेष्ठलाई बागलुङ र म्याग्दी, महामन्त्रीद्वय किरणबाबु श्रेष्ठ र विष्णुप्रसाद लामिछानेलाई कास्की र पर्वत, कोषाध्यक्ष वसन्तकुमार श्रेष्ठलाई गोरखा, सहमहामन्त्री कोपिला रानाभाटलाई स्याङ्जा, रमेश पाण्डेलाई नवलपुर, रामचन्द्र जोशीलाई लमजुङ र माधवप्रसाद बाँस्तोला 'मधु'लाई तनहुँ जिल्लाका लागि प्रतिनिधि खटाइएको छ ।

त्यस्तै ३६ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रतिनिधि खटाइएको उहाँले जानकारी दिनुभयो । बैठकबाट प्रदेश कार्यसमितिअन्तर्गत सूचना सञ्चार तथा प्रचार विभागमा सबै जिल्लाको प्रतिनिधित्व हुने गरी १२ प्रदेश विभाग सदस्य थप गरिएको विभागका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो ।

बैठकले कांग्रेस केन्द्रीय सदस्य, नेता एवं समाजवादी चिन्तक प्रतिनिधिसभा सदस्य प्रदीप गिरीको असामयिक निधनप्रति शोक प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

# शुभकामना आमा समुहको अध्यक्षमा कोकीला

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

शुभकामना आमा समुह पोखरा १७ को २० औं साधारण सभा एवम् १० अधिवेशनले कोकीला श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय नया कार्य समिति चयन गरेको छ।

दुई बर्षे कार्यकाल रहेको समितिको उपाध्यक्षमा अञ्जु गुरुङ, सचिवमा मिना द्धारे खाँण, सहसचिवमा सिर्जना खनाल, कोषाध्यक्षमा गंगा कुँवर सर्वसम्मत निर्वाचित हुनु भएको हो।

सो समितिको सदस्यहरुमा मिठु द्धारे खाँण, टिकादेवी पौडेल सुवेदी,प्रमिला कुमारी शर्मा,लेस्ली ठुसाजु,शारदा थापा, निरमाया क्षेत्री, मिनाकुमारी गुरुङ, कमला सुनार रहनु भएको छ। अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं.१७ का वडाअध्यक्ष राधिका शाही योगीले उद्घाटन गर्दै आमा समुहको माध्येमवाट महिलाहरु नेतृत्व विकास गर्दै उत्पादनसंग जोडिनु पर्नेमा जोड दिनुभयो।



घरघरमा उत्पादन हुने फोहोरलाई वर्गिकरण गरेर जैविक मल उत्पादन गरि मोहरमा परिणत गर्नुपर्ने बताउँदै उहाँले यसमा आमाहरुको महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो । महिलाहरुको महान पर्व हरितालिका तीजको आवसरमा आमाहरुले शुभकामना आदान प्रदान गर्दै सामूहिक दर समेत खाएको उक्त कार्यक्रमा समुहमा आवद्ध एक दर्जन जेष्ठनागरिकलाई सम्मानपत्र र खाँदाले सम्मान गरिएको थियो । समुहकी कोषाध्यक्ष मिना द्धारे खाँणले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा समुहका संस्थापक अध्यक्ष सिद्धिकुमारी गुरुङले समुहको सहयोगार्थ पाँच हजार रुपैया आर्थिक सहयोग गर्नुभएको थियो।

समुहकी अध्यक्ष हिरादेवी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा म्यूजियम मार्ग टोलसुधार समितिका अध्यक्ष हरि बास्तोला, समाजसेवी विष्णुबहादुर द्धारे खाँण, लिला बहादुर जिसी, नारायण श्रेष्ठ, हिमालय बोर्डिङ्का पिन्सिपल डा. टेकनारायण पौडेल, समुहका पूर्व अध्यक्ष पार्वती खड्का, विचित्रा भुजेल, सचिव रञ्जिता सुवेदी लगायतले आमा समुहको महत्व र समाजमा पुऱ्याउँदै आयोएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो।

# नेकपा एमाले पोखरा १० द्धारा वडा स्तरिय कार्यकर्ता प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

नेकपा एमाले पोखरा महानगर कमिटी वडा नम्वर १० को आयोजनामा वडा स्तरिय कार्यकर्ता प्रशिक्षण तथा तीजको दरखाने कार्यक्रम सम्पन्न भएको छ।

सो कार्यक्रममा वोल्दै नेकपा एमाले केन्द्रीय अनुसाशन आयोगका सदस्य मीत्र कुमारी गुरुङ सुवेदीले मंसिरमा हुने संघ र प्रदेशको चुनावमा पार्टीले ३३ प्रतिशत महिला उमेदवार वनाउनुपर्ने वताइन। नेकपा एमाले महिला हिंसा न्युनिकरण गर्न संगै, बृद्धवृद्धा, अशक्त, असहाय हरुको सहारा भएको वताउदै अवको प्रदेश र संघको निर्वाचनमा एमालेको बिकल्प नरहेको वताउदै संघ र प्रदेशको निर्वाचनमा एमालेलाई पहिलो पार्टी वनाउनतर्फ आम कार्यकर्ता लाग्नुपर्ने उनको भनाइ रहेको थियो । नेकपा एमाले गण्डकी प्रदेश कमिटीका सचिव धनन्जय दवाडीले जनताको बहुदलिय जनवादको अभ्यास गर्दै मुलुकलाई समाजवाद तर्फ लैजानुपर्ने वताउदै अपवित्र गठवन्धनको सरकारले मुलुकलाई धारासायी वनाउदै लगिरहेकाले अवहुने संघ र प्रदेशको निर्वाचनमा एमालेलाई पहिलो दल बनाउनका लागी संपूर्ण कार्यकर्ता एकवद्ध भएर लाग्नुपर्ने वताए । अपवित्र गठबन्धन सरकारले बिकासको काम भन्दापनि आफ्नो कार्यकर्ता भर्ती गराउने गरी काम गरिरहेकाले त्यसको भण्डाफोर गर्दै एमाले अगाडी वढ्नुपर्ने उनको भनाइ रहेको थियो। सो अवसरमा नेकपा एमाले गण्डकी प्रदेश कमिटी कार्यालय सचिव माधव वास्तोला, जिल्ला कमिटीको अध्यक्ष मन



बहादुर गुरुङ, गण्डकी प्रदेश कमिटी सचिवालय सदस्य राम बहादुर थापा मगर, प्रदेश कमिटी सदस्यहरु गंगा कुंवर, हिमालय बखेल, महानगर कमिटीको अध्यक्ष दीलिप न्यौपाने, जिल्ला कमिटी सदस्य बालाकृष्ण शर्मा, महानगर कमिटी सदस्यहरु लिलाधर अधिकारी, सीता कुमारी भुषाल, लज्जवति दुरा, मान बहादुर थापा मगर, लगायतको उपस्थिति रहेको थियो भने कार्यक्रममा वडा नम्वर १० का पार्टी कमिटी, विभिन्न जनवर्गीय संगठन, मोर्चा कमिटी र सुभचिन्तकहरुको उपस्थिति रहेको थियो । नेकपा एमाले पोखरा महानगर कमिटि वडा नम्बर १० को अध्यक्ष सूर्य बहादुर बानियाको अध्यक्षता सम्पन्न कार्यक्रममा वडा कमिटी १० का उपसचिव जानुका अधिकारीले स्वागत मन्तब्य राखेकी थिइनभने कार्यक्रमको सञ्चालन कार्यक्रम सञ्चालन सचिव राजु श्रेष्ठले गरेका थिए । प्रशिक्षण कार्यक्रम पश्चात महिला दिदी बहिनीहरु बीच दरखाने कार्यक्रम सम्पन्न भएको थियो।

# लामाचौर तीज महोत्सवमा शनिबारदेखि भलिबल

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

पोखराकोलामाचौरमाशनिबारदेखि लामाचौर कप महिला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता सुरु हुँदैछ।

नव आदर्श सामुदायिक विकास समाजले हरितालिका तीजको अवसरमा आयोजना गर्ने २४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ मा भलिबल प्रतियोगिता गर्न लागेको हो । विगतमा महिला भलिबलमात्र हुँदै आएकोमा यसपालि पुरुष भलिबल पनि थपिएको हो । लामाचौरको इन्द्रराज्यलक्ष्मी मावि प्राङ्गणमा भदौ ११ देखि १४ गतेसम्म भलिबल प्रतियोगिताका खेलहरु हुने प्रतियोगिता संयोजक सुशीलकुमार श्रेष्ठले जानकारी दिए । लामाचौर महोत्सवको मूल कार्यक्रम भने भदौ १२ देखि १४ सम्म हुनेछ। आयोजकले महोत्सवको सुरु हुनु अघिल्लो दिन शनिबारदेखि पहिलो चरणका खेल सुरुआत गर्न लागेको हो।

लामाचौर कप महिला राष्ट्रिय भलिबल प्रतियोगितातर्फ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी क्लब, न्यू डायमण्ड युथ स्पोर्टर्स क्लब र गण्डकी प्रदेशको टिमले भाग लिने छन् । पहिलो पटक हुने पुरुष भलिबलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी क्लबसहित बुटवलको मणिमुकुन्द भलिबल क्लब र गण्डकी प्रदेशको टिम गरी ५ टिमले भाग लिने छन्।

शनिबार महिला तथा पुरुषतर्फ ४ खेल हुने खेल तालिका सार्वजनिक गरिएको छ । महिलातर्फ पहिलो खेलमा नेपाल पुलिस क्लब र गण्डकीको टिमबीच प्रतिस्पर्धा हुनेछ भने अर्को खेलमा न्यु डायमण्ड र त्रिभुवन आर्मीबीच खेल हुनेछ। यस्तै, पुरुषतर्फ पहिलो खेल नेपाल पुलिस कलब र मणिमुकुन्द तथा अर्को खेलमा आर्मी र गण्डकीको टिमबीच प्रतिस्पर्धा हुनेछ। विजेताले १ लाख ५० हजार १११, उपविजेताले १ लाख १११ र तेस्रो हुनेले ५० हजार १११, सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट विधामा आकर्षक पुरस्कार दिइनेछ।

२०५४ सालमा स्थापित नव आदर्श सामुदायिक विकास समाजले हरेक वर्ष तीज अवसरमा लामाचौर तीज महोत्सव आयोजना गर्दै आएको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले आइतबार महोत्सव उद्घाटन गर्नेछन् भने अन्तिम दिन पूर्व प्रधानमन्त्री प्रचण्डको उपस्थिति हुने छ । महोत्सवमा तीजगीत प्रतियोगिता, अन्तरमावि लोक नृत्यतर्फ, स्रष्टा सम्मान, बाल उद्यान, स्थानीयस्तरमा उत्पादित बस्तुको प्रदर्शनी लगायत आकर्षण रहेका छन्। महोत्सवमा विभिन्न खालका ५० स्टल रहने सूचना तथा संचार उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले जानकारी दिए।

महोत्सवको अवसरमा शिक्षा, साहित्य, खेलकुद, युवा उद्यमशीलता विकासका क्षेत्रमा योगदान दिने श्रष्टालाई आयोजकले विगतमा भैं सम्मान गर्ने संस्थाका अध्यक्ष रेशमा शेरचन अधिकारीले बताइन्।

महोत्सवमा ५४ लाख ५ हजार खर्च हुने आयोजकको अनुमान छ। सामाजिक कार्यमा समेत क्रियाशील नवआदर्श सामुदायिक विकास समाजले महोत्सव संचालन गर्न स्थापना गरेको कोषमा २६ लाख संकलन भइसकेको र यसपालि डेढ लाख थप गर्ने लक्ष्य लिएको जनाएको छ। महोत्सवको मुख्य सहयोगी बानियाँ किराना स्टोर्स लामाचौर हो। देशविदेशमा गरी विभिन्न प्रायोजकले हालसम्म ४८ लाख रुपैयाँ सहयोगको बोलकबोल गरिसकेको आर्थिक संयोजक दिलबहादुर थापाले बताए।

# नेपाल केन्यासँग पराजित

रासस
पोखरा, १० भदौं

केन्या विरुद्धको दोस्रो टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट खेलमा नेपाल पराजित भएको छ। केन्याको नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल केन्यासँग १८ रनले पराजित भएको हो। यस जितसँगै केन्याले ५ खेलको सिरिजमा १-१ को बराबरी गरेको छ। हिजो भएको खेलमा भने नेपालले केन्यालाई ५ विकेटले हराएको थियो।

केन्याले दिएको एक सय ३३ रनको लक्ष्य पछ्याएको नेपाल १९ ओभरमा सबै विकेट गुमाउँदै एक सय १४ रनमा समेटिएको थियो। नेपालका लागि आरिफ शेखले सर्वाधिक २५ रन, आदील अन्सारी र रोहित पौडेलले समान २०/२० रन जोडे। यसैगरी पवन सर्राफ १९ रनमा आउट भए भने कप्तान सन्दीप लामिछाने ८, करण केसी ६, आसिफ शेख ५, दीपेन्द्र सिंह ऐरी ३ तथा ज्ञानेन्द्र मल्ल १ रनमा आउट भए। सोमपाल कामी २ रनमा आउट हुँदा वसिर अहमेद शून्य रनमा अविजित रहे। केन्याका लुकास ओलुओच, इमानुएल बुन्डी र भिराज पटेलले समान २/२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको केन्याले २० ओभरमा ९ विकेट गुमाएर एक सय ३२ रन बनाएको थियो । केन्याका लागि राकिप पटेलले सर्वाधिक ३५ रन जोड्े भने नेहिमिह ओधियाम्बोले २९ रन बनाए। इरफान करिमले २२ रन जोड्दा सचिन भुडियाले १४ रन जोडे।

# निर्वाचन केन्द्रित अभियानमा तनहुँका दल

–कृष्ण न्यौपाने
तनहुँ, १० भदौं (रासस)

मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि तनहुँमा राजनीतिक दलको तयारीले चुनावी सरगर्मी बढेको छ। जिल्लाका साना तथा ठूला राजनीतिक दलले निर्वाचन केन्द्रित भेला, प्रशिक्षण, बैठक आयोजना गरेसँगै चुनावी सरगर्मी बढेको हो।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल तथा नेताहरू शङ्कर भण्डारी, गोविन्द भट्टराई, प्रदीप पौडेल यतिखेर गृहजिल्ला तनहुँमा हुनुहुन्छ । त्यस्तै नेकपा (एकीकृत समाजवादी)का नेता एवं पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ पनि अहिले जिल्लामै हुनुहुन्छ । यसकारण पनि यहाँ चुनावी चर्चा बढेको पाइएको छ । विभिन्न दलका नेताहरूले उम्मेदवारी घोषणा गर्नेक्रम पनि बढेको छ। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ, नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले तनहुँ क्षेत्र नं १ मा आफूहरूको दाबी पत्रकार सम्मेलनमार्फत गरिसक्नुभएको छ । तनहुँ क्षेत्र नं १ मा नेपाली कांग्रेसका तर्फबाट पूर्वमन्त्री शङ्कर भण्डारीको पनि दाबी छ। अघिल्लो पटक क्षेत्र नं २ बाट पराजित भण्डारी यसपटक भने तनहुँ क्षेत्र नं १ मै उम्मेदवार बन्ने चाहनामा हुनुहुन्छ। नेकपा (एमाले) का तर्फबाट गण्डकी प्रदेशसभा सदस्य रामबहादुर गुरुङ तनहुँ क्षेत्र नं १ मा उम्मेदवार बन्ने चर्चा छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट जिल्ला अध्यक्ष विनोद घर्तीले तनहुँ क्षेत्र नं १ मा उम्मेदवार बन्ने घोषणा गरिसक्नुभएको छ। यसैगरी तनहुँ क्षेत्र नं १ मा स्वतन्त्ररुपमा प्रविण पौडेलले उम्मेदवारी घोषणा गर्नुभएको छ । उता तनहुँ क्षेत्र नं २ मा नेपाली कांग्रेसका तर्फबाट केन्द्रीय सदस्य प्रदीप पौडेलको दाबी छ । नेकपा (एमाले) का तर्फबाट स्थायी कमिटी सदस्य किरण गुरुङ, वर्तमान प्रतिनिधिसभा सदस्य केदार सिग्देल, पोलिटब्युरो सदस्य टुकराज सिग्देलको दाबी छ। नेपाली कांग्रेसले निर्वाचनलाई लक्षित गरी 'जनताको साथमा कांग्रेस' आजदेखि सुरु गरेको छ । यो अभियानका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई तनहुँमा प्रतिनिधिका रुपमा खटाएको छ । अभियानको पहिलो चरण भदौ १० देखि २४ गतेसम्म सञ्चालन हुने कांग्रेस जिल्ला सचिव लक्ष्मीभक्त खनालले बताउनुभयो । नेपाली कांग्रेसले यो अभियानका लागि जिल्लाका दशवटै पालिकामा प्रतिनिधि परिचालन गरेको छ । व्यासमा प्रा डा कृष्ण गौतम, भानुमा देवकुमार श्रेष्ठ, बन्दीपुरमा सहदेव अधिकारी, देवघाटमा सरिता गुरुङ, आँबुखैरेनीमा चिनु पोखेल, शुक्लागण्डकीमा मिलन आले, ऋषिङमा हरि वाग्ले, म्याग्देमा श्रीराम सुवेदी, भिमादमा किसान गुरुङ र घिरिङमा रामकृष्ण विक खटिनुभएको छ। यो अभियान प्रत्येक पालिकामा भदौ १५ गते, ८५ वडामा भदौ १८ गते र १९ देखि २२ गतेसम्म वडाको टोलमा सञ्चालन गरिने खनालले जानकारी दिनुभयो।

"नेपाली कांग्रेस पूर्णरुपमा निर्वाचन केन्द्रित अभियानमा जुटिसकेको छ", खनालले भन्नुभयो । नेकपा एमाले तनहुँले जिल्लास्तरको प्रशिक्षण, पालिकास्तरको प्रशिक्षण र बैठक आयोजना गरेको छ । निर्वाचनलाई लक्षित गरी सबै पालिकामा भेला, प्रशिक्षण र बैठक सञ्चालन गरिएको एमाले तनहुँका उपाध्यक्ष हरिराज कँडेलले जानकारी दिनुभयो। सत्तारुढ नेकपा एकीकृत समाजवादी तनहुँ उम्मेदवार सिफारिस गर्ने तयारीमा छ । केन्द्रीय कमिटीले उम्मेदवार सिफारिस गर्न निर्देशन दिएसँगै दुई निर्वाचन क्षेत्र र चार प्रदेशसभा क्षेत्रमा बैठक बसेर उम्मेदवार सिफारिस गर्न लागिएको जिल्ला सचिव श्रीराम कार्कीले जानकारी दिनुभयो। सत्तारुढ जनता समाजवादी पार्टी तनहुँले भने उम्मेदवार सिफारिस गरिसकेको छ। जसपा तनहुँको जिल्ला कार्यसमिति बैठकले तनहुँका दुई सङ्घीय क्षेत्र र दुई प्रदेशसभा क्षेत्रमा सर्वसम्मत उम्मेदवार सिफारिस गरेको हो।

तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभामा जसपाका केन्द्रीय कार्यकारिणी सदस्य तथा पूर्वमन्त्री शिवलाल थापा मगरलाई सिफारिस गरिएको छ। त्यस्तै तनहुँ क्षेत्र नं १ को प्रदेश (क) मा टेकबहादुर गुरुङ र प्रदेश (ख) मा सामाजिक अभियन्ता खड्क आले मगर सिफारिस हुनुभएको छ। तनहुँ क्षेत्र नम्बर २ को प्रतिनिधिसभामा केन्द्रीय विज्ञ परिषद् सदस्य सोमबहादुर नेपालीलाई सिफारिस गरिएको जसपाका जिल्ला अध्यक्ष अर्जुन गुरुङले जानकारी दिनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

